हरेक खबर, विशेष खबर
जि.प्र.का.सि.द.नं. ११७/०७६/०७७
राष्ट्रिय दैनिक
# लहानपोस्ट
LAHANPOST DAILY




वर्ष : ०१ अंक : ८६ पृष्ठ : ४ २०७७ असोज २३ गते शुक्रबार (Friday 9 October 2020) www.lahanpost.com मूल्य रु. ५।-
FOLLOW US facebook: lahanpost YouTube : lahanpost twitter : lahanpost instragram : lahanpost

## भूमिहीन डोम समुदायलाई राहत

लहान नगरपालिका-२३ स्थित गाढा गाउँमा ३० घरपरिवार अल्पसंख्यक डोम समुदायको बसोबास छ । भूमिहीन यहाँका डोम समुदायका उनीहरू विहान बेलुकाको हातमुख जोड्न सहर बजारमा शौचालय, ढल सफा गर्नुको साथै बाँसजन्य सामग्री बिक्री गर्छन ।

आफूले बनाएको बाँसको सामग्रीहरू पनि उनीहरूले आफू खुसी बेच्न पाउँदैनन् । आफ्नो क्षेत्रमामात्र बेच्नु पर्दछ । अर्काको गाउँ टोलमा गएर बिक्री गरेर जातीय नियमअनुसार दण्डित हुनुपर्छ । एकातिर कोरना भाइरसको माहामारी अर्कोतिर मलमासले गर्दा उनीहरूले बनाएका बाँसका सामग्री ढकी, चगेरी, पंखाहरू गाउँघरहरूमा बिक्री भएका छैनन् । बाँसको समाग्री नबिक्दा डोम सुमदायका उनीहरू अैचोपैचो र ऋण काढेर गुजारा चलाउन बाध्य छन् । डोम समुदायको यस्तै दयनीय अवस्था देखेर लहान नगरपालिका-१ का मनकारी मेहशचौधरी र उनकी पत्नी संगीता कर्माचार्यको मनले उनीहरूको दुःख देख्न सकेन । उनै मनका धनी चौधरी दम्पती कोरनाको महामारीमा आफ्नो ज्यानको प्रवाह नगरी डोम बस्तीमा पुगेर ३० घरपरिवारलाई राहत वितरण गरेका छन् । राहत वितरण कार्यक्रममा



लहान नगरपालिका २३ नम्बर वडाका वडाध्यक्ष कन्हैया प्रसाद गुप्ता, विष्णु गुप्ताको उपस्थिती थियो ।

उनीहरूले प्रतिपरिवार १० किलोग्राम चामल, एक केजी नुन, ५ सय ग्राम खाने तेल राहत स्वरूप वितरण गरेका छन् । जसमा सानो पाइला नामक संस्थाले पनि सहयोग गरेको थियो । राहत पाएपछि गाढा गाउँकी ४० वर्षीया पुनम मरिकले 'आज त भरपेट खान पाईने भईयो' भनेर खुसी व्यक्त गरिन ।

गाउँकै अर्की उर्मीला मरिकले लकडाउनले कतै गएर गर्न नपाएको सुनाइन । 'अलिअलि बाँसको ढकी, चंगेरी, पंखा बेचेर विहान बेलुकाको हातमुख जोर्दै थियौ,' उर्मीलाले भनिन् 'त्यो पनि मलमास भएकोले कसैले बाँसको सामानहरू नकिन्दा बस्तीका सबै जना एकछाक मात्र खाएर रात बिताउँदै आएका थियौं ।'

सरकारले पनि हामी डोमहरूलाई नहेरेको र भोट दिएर जिताएका नेता गाउँमा नफर्किने गरेको गुनासो पोखिन । 'यस्तो बेलामा बस्तीमै आएर राहत वितरण गरेर उहाँ हाम्रो लागि देउता जस्तो हुनुभएको छ,' उनले भनिन । चौधरी दम्पतिले वैशाखमा पनि बस्तीका सबै डोम परिवारलाई राहत वितरण गरेका थिए । उनले लहान नगरपालिकाका ३ हजारभन्दा बढी घरपरिवार, दलित, गरिब, असहाय, अपांगहरूलाई राहत वितरण गरेका थिए ।

चौधरी दम्पतिलाई आफ्नो मनोमानी ढंगल राहत वितरण गरेको भन्दै लहान नगरपालिकाको भदौं ८ गतेको कार्यपालिका बैठकले कारवाही गर्ने निर्णय गरेको छ । समाजसेवी चौधरीले आफूले बिपदको बेलामा दिनदुःखिलाई राहत वितरण गरेर कुनै अपराध नगरेको र नगरपालिकाले राम्रो कामगर्दा पुरस्कारमा मुद्दा दिन्छ भने आफू सहन तयार रहेको बताउँदै आएका छन् ।

## 'मेरो गाउँको एक दु:खीको कथा....'

■ कुमुदरंजन बराल



तस्बिरमा देखिएका यी बालक लहान नगरपालिका-१४ स्थित बस्तीपुर आश्रममा बस्दा रहेछन । यसको बारेमा केहीदिन



अगाडी लहानपोस्ट् दैनिक पत्रिकामा समाचार प्रकाशित भएको थियो । बस्तीपुर मेरो निवास भन्दा सय गज उत्तर तीन र चार वर्ष अघि जन्मेका । सरयुग(धामी) यादव र पोखरीयाबालीका नाति महेन्द्र यादव(सिटी रिक्साबालाका) छोरा ।

पोखरियाबालि असल मिजास कि थिईन । गाउँका जो सुकैले पनि बोलाउदा गएर सहयोग गर्दिने हुनाले खासमा महिलावृन्दमा लोकप्रिय पनि थिईन । जुनसुकै कामपनि गर्न सक्ने, अल्छी जिउमा पटक्कै थिएन । दशैंताका गाउँभरिको लागि ढिकिमा चिउरा कुटी दिन भ्याउथिन यिनी । धान रोपनीको बेला अझ भ्याई न भ्याई हुन्थ्यो यिनलाई ।

ठिक विपरीत थिए सरयुग । धामी कामगर्थे । जनमा पनि खट्थे । खरको छानो छार्ने कलामा पोख्त थिए । एकदिन गएर बडो मेहनतले घरको छानोबाट खर हटाई दिन्थे, अनि चारदिन ओच्छ्यानमा हाई र हुई गरेर सुत्थे । पोखरियाबालीले गाली सुन्नु पर्थ्यो, घरपट्टीको । जुन घरमा पोखरियाबाली काम गर्न जान्थिन करिब करिब त्यै

————बाँकी ३ पेजमा










फ्रेन्डस मोडल हस्पिटल, लहान-४
(शिव मन्दिरको उत्तरपट्टि रघुनाथपुर)
हाम्रो सेवाहरू
NICU सहितको प्रसुति सेवा
२४ औं घण्ट इमरजेन्सी सेवा
डाक्टरहरू
बालरोग विशेषज्ञ डा. वृजेन्द्र यादव
मधुमेह, प्रेसर डा. ल्युस्युन यादव
प्रसुति रोग विशेषज्ञ डा. विरेन्द्र यादव

# सम्पादकीय

## स्वास्थ्यकर्मीलाई सहयोग गरौं

बढ्दो कोरोना संक्रमणको जोखिममा स्वास्थ्यकर्मीहरु अग्र पंक्तिमा दिनरात खटिरहेका छन् । आफूलाई जोखिममा राखेर स्वास्थ्यकर्मी सर्वसाधारणको जीवन रक्षाका लागि अहोरात्र खटिनुपरेको छ । कोरोना महामारीले सिरहामा स्वास्थ्यकर्मी समेत संक्रमित भएका छन् । मानवीय सेवामा समर्पित स्वास्थ्यकर्मीहरु सुरक्षित हुनु यो महामारीमा अति आवश्यक छ । उनीहरु सुरक्षित भएमात्रै सर्वसाधारणको जीवन बचाउँन सक्छन् । तसर्थ महामारीको अग्रपंक्तिमा खटिने स्वास्थ्यकर्मीको सुरक्षाका लागि स्वास्थ्य सामग्री आवश्यक पर्दछ । न्युन स्रोतसाधन र सामग्रीका बीचपनि स्वास्थ्यकर्मीहरुले सेवाप्रवाहमा कमी हुन नदिएर कुनै कसर बाँकी राखेका छैनन् । यो उनीहरुको महानता हो ।

सिरहामा कोरोना संक्रमण दर उच्च छ । स्वास्थ्य कार्यालयको तथ्यांकलाई हेर्ने हो जिल्लामा १३३८ एक्टिभ केस छन् । यो दर नेपालमैं काठमाडौं पछि दोस्रो स्थान हो । यसले पनि सिरहामा कोरोना संक्रमण फैलदो रहेको पुष्टि गर्छ । तसर्थ यसबाट जोगिन सावधानी अपनाउन जरुरी छ भने स्वास्थ्यकर्मीहरुलाई स्वास्थ्य सामग्री उपलब्ध गराएर सहयोग गर्न अति आवश्यक छ । स्वास्थ्यकर्मी रहेमात्र सर्वसाधारणको स्वास्थ्य हेरचाह हुने हो । यही महामारीको अवस्थामा स्वास्थ्य कार्यालय सिरहाको समन्वयमा स्टान्डर्ड चार्टडको सहयोग र एक्सन एड तथा दलित जन कल्याण युवा क्लब लहानको सहकार्यमा जिल्लामा कार्यरत ७५० स्वास्थ्यकर्मीहरुलाई व्यक्तिगत सुरक्षा उपकरण हस्तान्तरण गरिएको छ । यो सह्रानीय काम हो ।

पुन :प्रयोगमा ल्याउन सकिने पिपिई, चस्मा, ग्लोब्स, एन ९५ माक्स र ह्याण्ड सेनिटाईजर लगायतका सामग्रीको सेट बनाई जिल्लाको १७ वटै तहका स्वास्थ्य शाखा र कोरोना संक्रमण जोखिम न्यूनीकरण गर्न काम गर्ने कर्मचारीलाई लक्षित गरेर व्यक्तिगत सुरक्षा उपकरण वितरण गरिएको छ । बितरित उपकरणले कोरोना संक्रमण जोखिम न्यूनीकरण गर्न काम गर्ने कर्मचारीलाई केहीहदसम्म सहयोग पुग्नेछ । तसर्थ, एक्सन एड र दलित जनकल्याण युवा क्लबले भैं अन्य सरकारी र गैरसरकारी संस्थाहरुले स्वास्थ्यकर्मीको सुरक्षा सावधानीका लागि सामग्रीहरु सहयोग उपलब्ध गराएर उनीहरुको मनोबल उच्च राख्न आवश्यक छ । जसले गर्दा यो महामारीबाट बच्न मद्दत र बल पुगोस ।

## आजको राशिफल

| | |
|---|---|
| मेष | आफन्त र साथीभाइबाट सहयोग तथा हौसला प्राप्त हुनेछ । रमाइलो यात्रा रहला । प्रतिस्पर्धात्मक कार्यमा सफलता हात पर्ला । सन्तान सुखपनि मिल्नेछ । |
| वृष | अरूले सापटी लगेको रकम फिर्ता पाइनसक्छ । विपरीत वर्गप्रति आकर्षण बढ्नेछ । वैदेशिक क्षेत्रको काम अघी बढ्नेछ । प्रेम सम्बन्ध कसिलो होला । |
| मिथुन | पार्टी तथा सेमिनारमा सहभागी भईएला । प्रयत्न गरे फाइदा लिन सकिनेछ । परिश्रमअनुसार उपलब्धिपनि राम्रै पाइएला । विद्या र बुद्धिको विकास हुनेछ । |
| कर्कट | सहकर्मीबाट विरोध आउला । गरेको कार्यमा अवरोध आउला । प्रेमप्रसङ्गमा समेत नरमाइलोपन आउनेछ । सन्तानपक्षको मायामा कमी आउनेछ । |
| सिंह | वैदेशिक कार्य अघी बढ्नेछ । घर,जग्गाको कारोबारमा सफलता मिल्नेछ । उन्नति एवं प्रगतिको वातावरण बन्नेछ । मेहनतीहरूका लागि दिन फलदायी रहनेछ । |
| कन्या | नयाँ व्यक्ति संग भेटघाट हुनेछ । रोकिएको धन हात पर्ला । सुन्दर पहिरनले ब्यक्तित्वमा निखारता ल्याउनेछ । धर्म,कर्म तथा समाजसेवामा मन लाग्नेछ । |
| तुला | रोकिएका काम पुनः सुरू हुन सक्छन् । श्रमको उचित मुल्यांकन हुनेछ । व्यवसायको सन्दर्भमा आदर्श ब्यक्तित्व सँगको सहकार्यले नयाँ अनुभब मिल्नेछ । |
| वृश्चिक | अधिकार प्राप्तिका लागि संघर्श गर्नु पर्ला । घरायसी कामधन्दाका लागि खट्नु पर्ने छ । चोटपटकको भयछ सचेत रहनुहोला, तर आफनतले साथ दिनेछन् । |
| धनु | मनमा शान्ति र अनुहारमा कान्ति छाउनेछ । रोकिएको काम दोहोर्याएर गर्दा फाइदा हुनेछ । समाजसेवामा मन लाग्नेछ । विशिष्ठ व्यक्तिको साथ पाईनेछ । |
| मकर | एकपछि अर्को अवसर आउनाले मन प्रसन्न रहनेछ । व्यापारमा मनग्ये धनलाभ हुनेछ । एक-अर्काको भावना बुझ्नसके दाम्पत्य जीवन सुमधुर रहनेछ । |
| कुम्भ | नयाँ काम सुरू गर्ने समय छ । जोश जाँगर र उमंग बढ्ला । आर्थिक कारोवारमा सफलता पाइएला । साथीभाइबाट बढी फाइदा लिने समय छ । |
| मीन | सामाजिक क्षेत्रमा सफलता मिल्नेछ । रोकिएका काम पुनः सुरू हुन सक्छन् । छोटो र लाभदायक यात्रा रहला । परिश्रमअनुसार उपलब्धि पनि राम्रै पाइएला । |

# खुला स्थानीय सरकार

## पालिका बहस

डा. सोमलाल सुवेदी



नेपालको संविधानले संघीय शासन प्रणाली अवलम्बन गरेको छ । संविधान बमोजिम पहिलोपटक संघ, प्रदेश र स्थानीय तहमा जननिर्वाचित सरकारहरूले शासन सञ्चालन गरेका छन् । लोकतन्त्र संस्थागत गरी जनताका अधिकार सुनिश्चितताका साथै गुणस्तरीय समान सेवा प्रवाह गरी जवाफदेही तहगत शासन प्रणाली सुदृढ गर्न राजनीतिक, प्रशासनिक र आर्थिक क्षेत्रमा धेरै सुधार गर्नुपर्ने अवस्थाले खुला सरकारको महत्त्वलाई बढावा दिएको छ ।

नेपालको संविधानले संघीय लोकतान्त्रिक गणतान्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पूरा गर्ने उद्देश्य राखेको छ । खुला सरकारको अवधारणालाई संघ, प्रदेश र स्थानीय तहमा इमानदारीपूर्वक अवलम्बन गरेमा संविधानका उद्देश्य पूरा गर्न टेवा पुग्ने छ ।

**खुला सरकार**

आफूले मत-अधिकार दिएर बनाएको सरकारका नीति, निर्णय योजना र कार्य सम्पादनको जानकारी लिन पाउनु जनताको नैसर्गिक अधिकार हो। जानकारी दिनु सबै तहका सरकारको कर्तव्य र दायित्व हो । सार्वजनिक तथ्य-तथ्यांकको जानकारी पाउनु तथ्यांकमा पहुँच, विनाभेदभाव समयमै पाउनु र आधिकारिक तथा अद्यावधिक सूचना नागरिकले पाउनु र सरकारहरूले उपलब्ध गराउनु खुला सरकार हुनु हो । यसले सरकारमा सुधार गर्नुका साथै जनतालाई सरकारले कसरी टेवा दिन्छन् भन्ने विषयमा प्रस्ट पार्छ। खुला सरकार यस्तो अवधारणा हो, जसमा सरकार र नागरिक समाज साझेदारी गर्छन् । यसबाट जिम्मेवार, जवाफदेही र समावेशी शासन अभिवृद्धिमा सघाउ पुग्छ ।

सहभागिता खुला सरकारको महत्त्वपूर्ण स्तम्भ भएकाले समावेशी नीति बन्न गई सार्वजनिक विश्वास बढाउन सहभागितामूलक शासन प्रणाली अपरिहार्य हुन्छ। सार्वजनिक शक्ति र साधनको प्रयोग जवाफदेही ढंगले गर्नु-गराउनु लोकतन्त्रको आधारभूत मान्यता हो । जवाफदेही निर्वाह गर्न गराउन कानुन, नीति, नियम र पद्धति आवश्यक पर्छ । खुला सरकार कानुन कस्ता बने, कसरी कार्यान्वयन भयो, नीति कस्ता छन् र कसरी बने, पद्धति र संगठनात्मक क्षमता तथा व्यवहार जनमुखी छ-छैन भनी जनताले बुझ्ने आधार हो । खुला सरकारकै माध्यमबाट नागरिक सहभागिता, शासन पद्धति सुदृढीकरण र उत्तरदायित्व बढाइ सार्वजनिक क्षेत्रको विश्वास कायम राख्न सकिन्छ ।

स्थानीय लोकतन्त्र सबल, सक्षम, प्रभावकारी र जवाफदेही हुने भएकाले संघीयताको आधारलाई जरैदेखि बलियो बनाउन खुला स्थानीय सरकारको अवधारणालाई कार्यान्वयनमा ल्याउनु आजको आवश्यकता हो ।

शासन व्यवस्थालाई पारदर्शी, जवाफदेही र सहभागितामूलक बनाई प्रशासन तथा सेवा प्रवाहमा सुधार ल्याउने उद्देश्यले विश्वका ७९ देशका सरकार, २० वटा स्थानीय सरकार र हजारौं नागरिक समाजका संस्था खुला सरकार साझेदारी (ओजीपी) मा संलग्न छन् । विश्वव्यापी ज्ञान, अनुभव र असल अभ्यास आदानप्रदान गरी समग्र शासकीय सुधारलाई अघि बढाउन यो अभियान निरन्तर प्रयासरत छ। सदस्य राष्ट्रहरूले विभिन्न कार्ययोजना बनाई कार्यान्वयन गरिरहेका छन् । नेपाल यसको सदस्य बनिनसकेको भए पनि समयसमयमा सहभागिता जनाएको छ। सन् २०१५ मा मेक्सिको सम्मेलनमा नेपालको प्रशासनिक नेतृत्व र राष्ट्रिय सूचना आयोगका प्रमुख आयुक्त सहभागी भएका थिए । नेपाली टोलीले उपराष्ट्रिय सरकारको तहमा पनि सरकार खुला हुनुपर्ने भनी दिएको सुझाव अधिकांश सहभागीले मन पराएका थिए ।

त्यसपछि यो अभियानमा खुला स्थानीय सरकारको अवधारणा समाहित हुन गएको हो। नेपाल यसको सदस्य बन्ने सम्बन्धमा अध्ययन गरी सुझाव दिन सूचना आयोगका प्रमुख आयुक्तको संयोजकत्वमा अध्ययन कार्यदल नेपाल सरकारले गठन गरेको थियो। कार्यदलले निर्धारित समयमै नेपाल सदस्य बन्न उपयुक्त हुने सिफारिस गरेमुताबिक प्रक्रिया अघि बढाइएको थियो। तर उक्त प्रक्रियाले पूर्णता पाउन सकेन । अन्तर्राष्ट्रिय मञ्चमा हाम्रा अभ्यास, सुधार योजना र सहयोगका अपेक्षा राख्नु असान्दर्भिक हुँदैन। नेपाललाई सहयोग गर्ने अधिकांश दातृ निकाय/देश यसको सदस्य भएकाले पनि यसको सदस्यता र नेपालको सक्रियताबाट हाम्रो संघीय लोकतन्त्रलाई मद्दत नै पुग्नेमा द्विविधा छैन ।

**२. खुला स्थानीय सरकार**

स्थानीय सरकार जनताले प्रत्यक्ष अनुभव गर्ने नजिकको सरकार हो । यसको स्वरूप कार्यक्षेत्र, जिम्मेवारी र क्षमता देशअनुसार फरक-फरक हुन्छ । नेपालको संघीयता विकेन्द्रीकरणमा आधारित हो। संविधान र कानुनी आधार दृष्टिगत गर्दा यो अधिकार निक्षेपणमा आधारित छ । निक्षेपणको परिभाषा पूर्ण हुनमा विभिन्न कारणले न्यूनता आउन सक्छ । तसर्थ निक्षेपित अधिकारको प्रयोग गर्ने स्थानीय सरकार खुला र जिम्मेवार भएमा कतिपय अपर्याप्तता बुझाइ एवं कार्यसम्पादनका बारेमा नगारिक, नीति निर्माता र सरोकारवाला सुसूचित हुन सक्छन् । स्थानीय आवश्यकता, रोजाइका सेवा स्रोतको सर्वोत्तम ढंगबाट उपयोग भई प्रवाह हुनु विकेन्द्रीकरणका आधारभूत अपेक्षा हुन् ।

खुला स्थानीय सरकारले आफ्ना निर्णय, कामकारबाही, सेवाप्रवाहका समग्र पक्षमा नागरिकलाई सूचना विवरण सहज ढंगले उपलब्ध गराउँछ । नागरिकको दैनन्दिन सरोकार रहने आधारभूत सेवा व्यवस्थापन गर्ने भएकाले स्थानीय सरकारका बारेमा नागरिकले बढी चासो राख्छन्। त्यसैले खुला स्थानीय सरकारले आफ्ना नीति, योजना कार्यक्रम र सेवाप्रवाहका विषयमा नागरिक समाज एवं सेवाग्राहीसँग खुला संवाद, सूचना र तथ्यांक सम्बन्धमा छलफल गरी खुला सरकारको रूपमा रूपान्तर हुनु लाभदायक हुन्छ ।

खुला स्थानीय सरकारका मूलतः चारवटा स्तम्भ हुन्छन् । ती हुन्- १. नागरिक केन्द्रित, २. खुला पारदर्शी र सहकार्य, ३. नवप्रवर्तन र प्रविधि अवलम्बन र ४ जवाफदेही । स्थानीय सरकारले यी स्तम्भबमोजिम खुला सरकारमा आफूलाई रूपान्तर गर्न सकेमा सहभागितामूलक शासन पद्धति, समावेशी र जवाफदेही स्थानीय सरकार हुन गई विकेन्द्रीकरणको उद्देश्य पूरा गर्दै सुशासनयुक्त स्थानीय सरकारका रूपमा स्थापित हुन सक्नेछन् । यसबाट स्थानीय सरकारले संघीयताको आधारको सोचलाई सार्थक बनाउन पाउनेछन् ।

**३. खुला स्थानीय सरकार र सञ्चारको भूमिका**

संघीय एकाइका रूपमा स्थानीय सरकार सञ्चालित भइरहेको अवस्थामा खुला स्थानीय सरकार संघीयताको एक आधारभूत पक्ष हो। आम सञ्चारमाध्यम र पत्रकारको यसमा अहं भूमिका रहन्छ। प्रविधि प्रयोगको क्षमता, अद्यावधिकरण र उपयोगको दृष्टिकोणबाट पनि सूचना व्यवस्थापन र सञ्चार स्थानीय सरकारका महत्त्वपूर्ण सवाल हुन् । राज्यको चौथो अंग मानिने पत्रकार जगत् स्थानीय तहका लागि अझ बढी सहभागिता लोकतान्त्रिक समाजका लागि आवश्यक हुन्छ । भनिन्छ- सञ्चारमाध्यमले जनताका चाहना प्रतिनिधित्व गर्दै बोल्छ । सरकारलाई सही मार्गमा हिंडाउन सहयोग पुऱ्याउँछ । पारदर्शिता र उत्तरदायित्व बढाउन मद्दत गर्छ। सुशासन सुनिशिचत गराउन योगदान पुऱ्याउँछ र स्वच्छ लोकतन्त्रका लागि चेतयुक्त भूमिका खेल्छ । आमसञ्चार र खुला स्थानीय सरकारले सकारात्मक सहकार्य गर्न सकोस् अनि मात्र स्थानीय सरकार संघीयताका मजबुत जग हुन सक्छन् ।

नेपालमा सूचना संकलन, प्रशोधन, अभिलेखन र सम्प्रेषणमा चरणगत समस्या

बाँकी ४ पेजमा

कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

कोरोना भाइरसबाट बच्ने उपायहरु :
क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाईरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

विष्णुपुर गाउँपालिका कार्यालय, सिरहा

कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

कोरोना भाइरसबाट बच्ने उपायहरु :
क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाईरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

नवराजपुर गाउँपालिका कार्यालय, सिरहा

# महेशको राहत, नगरपालिकाको कारवाही र जनआवाज

## गाउँघर
### राजकुमार राउत

आज भोलि लहान नगरपालिका भित्र तीन चार वटा विषयले निकै चर्चा पाइरहेको छ । सामाजिक अभियन्ता एवं कांग्रेसका युवा नेता महेश चौधरीले राहत बाँडेको बारे पक्ष र विपक्ष दुवै हिसाबले बहस र चर्चा भईरहेको छ । जनआवाज, नागरिक चर्चा बसि बियाँलोको कुराकानी तथा राहत वितरणलाई गैर कानुनी व्याख्या पनि आफ्नो ढंगले भै रहेको प्रत्येक लहानबासीले सुन्दै छन् ।

कोभिड-१९ विश्वभर फैलिन लाग्दा प्रारम्भिक अवस्थामा नेपाल यसबाट बाँचेको थियो । तर कोभिड-१९ को विश्वभर बढ्दै गएको आक्रमण र प्रकोपले नेपाल पनि अछूतो रहेन र नेपालमा पनि कोरोना संक्रमण बढ्दै गयो । अमेरिका, बेलायत, जर्मनी, इटाली जस्ता धनी देशहरूमा जनतालाई जीवन असुरक्षित भए पनि भोकमरी र जीवन निर्वाह कठिन भएन । नेपाल आर्थिक दृष्टिले विश्व परिवेशमा सार्है पछाडि परेको मुलुक भएकोले यहाँका जनताको जीवन धान्न साधारण समस्या आउँदा कठिन हुने सबैलाई थाहा छ । नेपाल संक्रमित हुन थालेपछि यहाँको सरकार तथा राज्य पक्षबाट एकहोरो किसिमले लकडाउन घोषणा गरियो । लकडाउनको मापदण्ड अनुसार यहाँको जनताको उद्योग, व्यवसाय, कलकारखाना लगायत गुजाराको बाटोहरू बन्द हुन थाल्यो । निषेधाज्ञा, अर्ध निषेधाज्ञा, बन्द घोषणा मानिसहरूको सार्वजनिक किसिमले आवत जावतमा प्रतिबन्ध कार्य र व्यवसायमा रोक लगाइयो । कृषकहरूले सामूहिक रूपमा काम गर्न नपाउने भन्ने आदेश र फरमान सरकारबाट जारी हुँदै रह्यो । स्कुल, पाठशाला, बन्द व्यवसाय खेतमा मजदुरी गर्ने, जीवन निर्वाहका लागि सानो तिनो काम समेत नगर्न पाउने भए समस्त नेपाली जनताले । चैत्र देखि नै लकडाउनको मार विश्वमा परेझैं नेपालमा पनि गहिरिएर पर्‍यो । उच्च वर्ग देखि अति निम्न स्तरीय आर्थिक अवस्थामा बाँचेको जनताले मार र दुःख भोग्न बाध्य हुनु पर्‍यो । उच्च वर्ग, मध्यम वर्ग, निम्न मध्यम वर्गलाई छाक टार्ने समस्या भएन् । तर समस्या भयो निमुखा, गरिब असहाय, अत्यन्तै दीनहीन, दलित र आर्थिक हिसाबले सीमान्तकृत वर्गलाई उनीहरूको जीवन अत्यन्तै कष्टकर हुँदै गयो उनीहरूलाई एक छाक टार्न पनि गाऱ्हो भयो । जो सँग एक कठा जग्गा छैन, काम गर्न नपाउँदा रोजगारी बन्द भयो । साहुले काम दिएन । साहुको कल कारखाना र बन्द व्यापार ठप्प भयो । ती गरीबहरूको रोजगारी हरण भयो । उनीहरूमा एक गाँस पनि कसरी मुखमा हाल्ने भन्ने समस्या भयो ।

यी तमाम समस्या समाधान हेतु सरकार, गैर सरकारी संस्था दातृ निकाय, संघ संस्था, धार्मिक संस्था, राजनीतिक दलका व्यक्तिहरू, भातृ संस्थाहरूले भोका, नाङ्गा जनतालाई भोकमरी र दुःखबाट बचाउन राहत र सहयोगमा जुटे । राज्यबाट सरकारी स्तरमा राहतका लागि कोष र सहयोगहरू प्राप्त भयो । संघीय सरकार देखि प्रान्तिय सरकारदेखि स्थानीय सरकारले सरकारकै प्रमाण अनुसार १० अर्ब रूपैयाँ चलाउन र खर्च गर्न पाए । कोषबाट जम्मा भएको रकमद्वारा जनप्रतिनिधिहरूले चामल, दाल, तरकारी, साबुन, तेल, भाँडा वर्तन इत्यादि सामग्रीहरू संग्रह गरेर वितरण प्रणालीमा एकलौटी अधिपत्य गरियो । देशभरकै सरकारी स्तरमा



वितरण गरिएको राहतमा 'जसको लाठी उसैको भैंसी' भन्ने सिद्धान्त अनुसार वितरण कार्य सुरु गरियो । जनताको दृष्टिकोणले राहत वितरण भएन । जनप्रतिनिधिहरूले आफ्नो हजुरिया, आसेपासे, चाकर, कारिन्दाको बोल वालामा राहत वितरण गरे । राहत वितरणमा पूरापूरी काखा पाखा र पक्षपात गरियो । त्यसमा 'आफ्नो खास मान्छे र पार्टीको मान्छे' भन्ने हिसाबले राहत बाँडियो । राहत जनप्रतिनिधिको कम्तिया र हजुरियाको इशारामा नपाउँने व्यक्तिहरूले ३/४ पटक सम्म राहत पाए भने पाउँने निसहाय गरिब राहत पाउनबाट बञ्चित भए ।

त्यस्तो अवस्थामा लहान नगरापलिकाका कांग्रेस नेता महेश चौधरीले अनेक व्यक्ति संघ संस्था र निकायबाट सहयोगका सामग्री तथा रकम संकलन गरी लहान नगरपालिकाको २४ वटै वडाका गरिब तथा दलित बस्तीमा राहत वितरण सक्दो अवस्थामा गरे । तिनीहरूलाई कष्टकर जीवनबाट उकास्न र त्राण दिन चामल, दाल, तरकारी, तेल साबुन इत्यादि वितरण गरे । वितरणको समयमा वडाको जनप्रतिनिधिहरूलाई सूचना र जानकारी दिई वितरण गरिएको चौधरीको दाबी छ । राहतकै सन्दर्भमा लहान नगरपालिकाको स्थानीय सरकारद्वारा वितरण गरिएको चामल लगायतका अन्य सामग्रीहरू गुणस्तरहीन र अस्वस्थ्यकर भएको समाचार लेखेका चर्चित पत्रकार मणिलाल विश्वकर्मालाई मानसिक यातना दिनेदेखि मुद्दा अदालतसम्म चलाउने बहस, चर्चा र प्रक्रियालाई कानुनी दायरासम्म ल्याउने हिसाबले भदौ १० गते नगरकार्यपालिकाबाट निर्णय गरिएको भन्ने आरोपित व्यक्तिहरूको भनाइ छ । देशभर नै हजारौं संघ संस्था, निकाय, सामाजिक समूहहरू मानवीय सेवाको हिसाबले भोकाहरूलाई भात खुवाउने देखि राहत वितरण सम्मको कार्य निरन्तर चल्दै आज सम्म पनि जारी छ । संयुक्त राष्ट्र संघ देखि नेपालको संविधान २०७२ अनुसार पनि खाद्य अधिकार भन्ने नारालाई र धारालाई पालन गर्दै भोको पेटलाई अन्न दिनु र नाङ्गोलाई वस्त्र दिनु अपराधिक र गैर संवैधानिक कार्य होइन । स्थानीय बुद्धिजिवी नवीन कार्कीका अनुसार भोको पेटले खान पाउनु भनेको धार्मिक र मानवीय दृष्टिकोणले श्रेयकर छ । अर्का बुद्धिजिवी इन्द्र प्रसाद अधिकारीका शब्दमा असहायलाई सहायता गर्न लकडाउनमा जनतालाई राहत बाँड्नु स्वयम जनप्रतिनिधिले खुशी मान्नु पर्ने हो । अर्का राजनीतिक व्यक्ति श्याम मण्डलका अनुसार कुनै पनि मानवीय सेवा समाजको लागि हितकर फाइदाजनक नै हो । अर्का धार्मिक व्यक्ति महावीर मण्डलका अनुसार राहत बाड्नेलाई, धर्म कार्य गर्नेलाई प्रोत्साहित गर्नुपर्छ ताकि भोलिका लागि समाजमा दृष्टान्त बनिरहोस्।

# बोक्सीको आरोपमा महिलालाई कुटपिट गर्ने पक्राउ

**लहान** । बोक्सी आरोप लगाएर महिलालाई कुटपिट गर्ने एकजना फरार प्रतिवादीलाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेमा सिरहाको सीमार्वर्ती नवराजपुर गाउँपालिका-५ का २० वर्षीय सन्तोष यादव रहेका छन् । यादवलाई प्रहरीले भगवानपुर गाउँपालिकाको ठाडीबाट पक्राउ गरेको हो ।



पक्राउ परेका यादवसँगै ८ जनामाथि जिल्ला प्रहरीमा बोक्सी कसुर सम्बन्धी मुद्दा दर्ता भएको छ । अन्य सात जना अझै फरार छन् । जिल्ला प्रहरी कार्यालय सिरहाका प्रवक्ता एवं डिएसपी शालिग्राबम शर्माका अनुसार गतभदौं २७ गते सोही ठाउँका मुर्तिदेवी यादवलाई प्रतिवादीहरूले बोक्सी आरोप लगाएर कुटपिट गरेकाथिए । आरोपितहरूले मुर्तिदेवीलाई धर्मनाथ यादवको घरमा बोलाएर लगी साबमूहिक रूपमा कुटपिट गरेको थिए । कुटाईबाट मुर्तिदेवीको २ वटा दाँत भाँचिएको छ । अन्य फरार आरोपितहरूको खोजतलास भइरहेको प्रहरीले जनाएको छ । कुटाईबाट घाइते भएकी यादव उपचारपछि गाउँफर्किएकी छन् । तर, उनको पहिलेको अवस्थामा छैन् । बोल्न सक्दिनन् ।

# मेरो गाउँको ...

घरको छेउछाउ सरयुगका दिन बित्थे । कतै जनमा गएको भएपनि कुनै न कुनै बेला पोखरियाबालिले काम गरेको ठाउँमा उनले आउनै पर्थ्यो । लैला-मजनुका नामले प्रख्यातथिए भने पनि हुन्छ ।

धेरै पछि छोरा जन्मियो, महेन्द्र । पोखरियाबाली अब भने 'बाँदरले बच्चा च्यापे' झै बच्चा च्यापेर, गाउँघरमा ढिकि जाँतो गरेर बच्चा हुर्काउन थालिन । संगसंगै धामी पनि बच्चा हेर्ने बहानामा जान्थे । काम गरेको घरपट्टि महिलालाई सरयुगले त्यसरी, स्वास्नी कुरेको मन पर्दैनथ्यो । मेरो आमा लगायतले सरयुगलाई भन्न सम्म भनेपनि यी थेथ्थरो भैसकेका थिए । एक पल्ट दुलहिले गाउँका भद्रलाई आफ्नो लोग्नेको सिकायत गरिछन् । उनले आएर हप्काएछन । ए सरयुग तिमी यसरी पोखरियाबालिलाई काम गर्न किन बाधा पुऱ्याउँछ्यौ ? भनेर !

संयोग, मेरै घरमा माथिल्लो तलाको कोठा लिपपोत गर्दै थिइन पोखरियाबालि । सरयुगधामी कराउँदै आए मेरो पोल लाउने यो _(अश्लील) गालीगर्न थाले । लोग्ने स्वास्नीको झगडा हाथापाईमा बदलियो । पोखरियाबालीको अगाडि यी दुब्ला पातलाकाया शरिरका धनी, के टिक्थे । यसो धकेलिकि थिईन यी लडे, चार चितांग । रूवाबासी भो । केही नलागेर, आँगनको बीचमा धान दाउनी गर्न गाडिएको मेहमा आफ्नो टाउको बजारेर फोडे । रगतबग्यो । पोखरियाबाली पनि रून थालिन । महिला मन । उठाएर दबाई दोकान लगि उपचार आफैले गराईन ।

दिक्क लागेपछि पोखरियाबाली घर छाडेर कतै जादैन्थिन । ल अब गाँउमा चर्चा,परिचर्चा, हास्य, मनोरंजन । विषय नै यही हुन्थ्यो । कसैलाई सोध्न बाँकी राख्दैन थे 'हौ पोखरियाबाली कै नै देखलौं' भन्न । लाज लाग्दैनथ्यो सोधदा । टाढा टाढासम्म, हप्तौ गाउँगाउँ पुग्थे । निराश हुन्थे । यिनलाई माया गरेर । 'यौ धामी नै भेटलिए ।' सोध्नै हुदैनथ्यो । प्रवचन सुरू हुन्थ्यो । पोखरियाबालीको गुणगानमा । नै आउत ? अपने सब भिडबै त पता लाईग जेतै, हे हजुर कनिताईक दियौ न । यताउताकालाई भनिरहन्थे ।

यता छोरापनि बढदै थिए । कहि नभएको औंधी माया थियो । स्वभाविकै हो । राम्रो पनि थियो महेन्द्र । एउटा भएको छोरोलाई हुर्काउन, पढाउन अझ मेहनत गरेर काम गर्न थालिन पोखरियाबाली । धामी र महेन्द्र दुवैको खुराकि व्यवस्था आफै गर्थिन । थाहाभयो, सरयुग मरेछन । महेन्द्रको बिहा हेर्न पाएनन । पोखरियाबालीले विह्बारी घरजम गराएर दुनियाबाट विदा भईन । ठ्याक्कै बाबुको गुण महेन्द्र छोरामा सरेछ । जतिमाथि लेखिएको छ ती सहि सत्य छन यहाँ दोह्र्याउन पर्दैन । कस्तो अचम्म ।

कथाले मोड लियो, तब जब महेन्द्रको दुलही धान कुटाउन जादा मीलमा सारी वेरियर दुर्घटनामा परिन । निकै दिन थला पर्दा यिनले निकै कष्टकर दिन खेप्नु पऱ्यो । कामपनि गर्नु पऱ्यो । चारपाँच छोराछोरीको पेट पाल्न रिक्सा चलाउन थाले । पछि रिक्साबाट सिटी रिक्सा किने तर दुर्भाग्य श्रीमतीले सिटिरिक्सा चढन न पाई काखको दुई महिने पाँचौ सन्तान बाउलाई जिम्मा लाएर मरिन । छोरीहरू हुर्कि सकेका थिए । भाइहरूलाई उनिहरूले नै हुर्काए । स्वास्नी मरेको केहीदिन पछि नै जेठी छोरीको विहे गराए । अनि तुरून्तै आफूले पनि एउटी महिला भित्र्याए । जसको कोखबाट सुन्दर बालक जन्मेको थियो ।

गतसाल आमा छोरालाई छाडेर आफ्नो सिटी रिक्सा पहिलोबाट जन्मेका, जेठो छोरोलाई बुझाई महेन्द्रले पनि मायामोह त्यागेर जीवन विश्राम लिएछन । अहिले हालआमा खुट्टीखोलामा गिट्टी चाल्छिन, छोरा आश्रममा हुर्कदै छन । हिजो आश्रममा पुग्दा कलकलाउदो बालकलाई देखेर सम्झें । म हामी त न रहुँला, देशको अवस्था झनझन खै कता जादैछ भोली यी बालकको नागरिकतामा आउने समस्या अनि मुचुल्कामा छाप _?

## कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

**कोरोना भाइरसबाट बच्ने उपायहरू :**

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाइरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

गोलबजार नगरपालिका कार्यालय, सिरहा

## कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

**कोरोना भाइरसबाट बच्ने उपायहरू :**

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाइरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

सिरहा नगरपालिका कार्यालय, सिरहा

## कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

**कोरोना भाइरसबाट बच्ने उपायहरू :**

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाइरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

कल्याणपुर नगरपालिका कार्यालय, सिरहा

## कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

**कोरोना भाइरसबाट बच्ने उपायहरू :**

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाइरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

अर्नमा गाउँपालिका कार्यालय, सिरहा

# ममताले अनसन तोडिन

**लहान ।** वडाध्यक्षबाट कुटिएपछि न्याय माग्दै आमरण अनसनमा बसेकी ममता यादवले बिहीबार अनसन तोडेकी छन् ।

सिरहाका प्रमुख जिल्ला अधिकारी प्रदिपराज कणेलले दोषीलाई कारवाही गर्ने प्रतिबद्धता जनाएपछि अनसन तोडेकी हुन । गत १६ गतेदेखि आफूमाथि कुटपिट गरेकाहरूलाई कारवाहीको माग गर्दै ममता लहानस्थित सहीद चौंकमा अनसन बसेकी थिइन । बिहीबार उनलाई प्रमुख जिल्ला अधिकारी कणेलले जुस खुवाएर अनसन तोडेकी हुन । सुखीपुर नगरपालिका-४ का वडाध्यक्ष रामलोभित यादव सहित उनका आफन्त र मान्छेहरूले आफूमाथि कुटपिट गरेको र हालसम्म आफूले क्षतिपूर्ति नपाएको उनको आरोप थियो । भोटिया टोलमै घर बनाएर बस्दै आएका वडाध्यक्ष यादवले गतअसार ७ गते ममतालाई कुटपिट गरेका थिए ।



अन्यजातका अरूसँग किन बोलचाल गरेको र आफू अनुकुल किन नहिँडेको भन्दै वडाध्यक्ष यादवले कुटपिट गरेको ममताको दुः खेसो छ ।

कुटपिटबाट कम्मरको हड्डीसहित शरीरको विभिन्न भागमा गम्भीर चोट लागेको उनले दाबी गरेकी छन् । पीडित ममताको उपचार लहानमा सम्भव नभएपछि विराटनगरस्थित विराट नर्सिङ होममा उपचार गरिएको थियो ।

पीडित महिलाले आफूमाथि कुटपिट गरेको भन्दै वडाध्यक्ष यादवसहित पाँच जनाविरूद्ध उजुरी पनि दर्ता गराएकी छन् । पीडितको उजुरीपछि गत असोज ११ गते आरोपित मध्येका नविन यादव प्रहरीको नियन्त्रणमा छन भने वडाध्यक्षसहित अन्य फरार छन् ।

## खुल्ला ...

छन् । राष्ट्रिय महत्त्वका संवेदनशील सूचना/तथ्यांक निश्चय नै उचित तवरले व्यवस्थापन गर्नुपर्छ । हाम्रा सूचना पद्धतिमुखीभन्दा बढी व्यक्तिमुखी हुने गरेको अनुभवी बताउँछन्। प्रशासनिक अस्थिरतामा सूचना तथ्यांक प्रणाली सुदृढ हुन सक्दैन । अहिले त उपयुक्त प्रविधि प्रयोग गर्नु अपरिहार्य छ । स्थायित्वको सदुपयोग र क्षमताको अधिकतम प्रयोग हुन नसकी योग्यता प्रणालीले चुनौती खेप्दै आएको अनुभूति जिम्मेवार पदाधिकारी बताउँछन् । परिणामस्वरूप योग्यता प्रणाली सुदृढीकरण गर्नेभन्दा करार पद्धति रूचिकर बन्दै गएको देखिँदै छ । कार्यपालिकाले करारबाट राष्ट्रसेवक विज्ञ तथा अन्य आवश्यक जनशक्ति रोज्नु स्वाभाविकै ठहर्ला तर विधायिकामा नै करार पद्धति मजबुत बनाउने सन्दर्भ उठ्नु हाम्रो कार्य संस्कृति सच्चा विज्ञको मनोदशा र संस्कारले धान्ने विषय हो/होइन विचारणीय छ । वडा तहदेखि उच्च तहसम्म करार पद्धतिमा जनशक्ति राख्ने र वडैदेखि निर्वाचित जनप्रतिनिधिको व्यक्तिगत, तजविजमा योजना छनोट गरी पैसा खर्च गर्ने पद्धतिलाई थेग्न हाम्रा सोच, व्यवहार, संस्कार, पारदर्शिता, आलोचनात्मक चेत र जवाफदेहीमा आमूल परिवर्तन आवश्यक हुनेछ । खुला स्थानीय सरकार पद्धति अवलम्बन गरेमा मात्र सार्वजनिक आय र व्ययलाई अनुशासित र सन्तुलित बनाउन सकिनेछ ।

जुनसुकै प्रणाली भए पनि राजनीतिका अगाडि हाम्रा पद्धति र बानी व्यवहार विगतदेखि नै समर्पित नै छन् । इतिहासकालदेखि नै नेपालको राजनीतिक नेतृत्व राष्ट्रसेवक प्रणालीप्रति मात्र होइन, आफ्नो नियन्त्रणमा रही पूर्ण बफादार होस् भन्ने चाहन्छ भने कर्मचारीमा पद्धतिमा अड्नेभन्दा राजनीतिक नेतृत्वप्रति जवाफदेही हुनुमा भविष्य देख्ने सोचाइले जरा गाडेको भुक्तभोगी बताउँछन् । अहिले स्थानीय तहमा सूचना सिफारिस माग्न जाँदा राष्ट्रसेवकहरु राजनीतिक नेतृत्वको इशारा रोज्दा सुरक्षित सम्झन्छन् भन्ने आम बुझाइ छ । विगतको लोकप्रिय २४( घ) को बढुवाअन्तर्गत कुनै एउटा मन्त्रालयका करिब चार सय उपसचिवहरुले योग्यता प्रणालीबाट आएका साविकमा देखि नै कार्यरत उपसचिवलाई विस्थापित गर्ने बारम्बार प्रयास गरे तापनि मन्त्रालयका सचिवले नमान्दा पनि योग्यता प्रणालीमै जीवनको उर्वर समय व्यतीत गरेका सेवानिवृत्त कर्मचारी मन्त्रीको रूपमा कार्यरत रहँदा सचिवको तर्क र भनाइ मान्न नसकी ठूलो समूहकै पक्षमा लागेका थिए । त्यतिबेला बहालवाला प्रधानन्यायाधीश नै मन्त्रिपरिषद्को अध्यक्ष हुनुहुन्थ्यो । योग्यता प्रणालीबाट माथि उठी अनुभवले खारिएका सेवानिवृत्त सचिवहरुले कर्मचारीको पुरानो कोट फालेर राजनीतिको किरेमिरे कोट लगाएर मन्त्रालय सम्हालेका थिए । त्यस्तो अवस्थामा त पद्धति र योग्यताको कुरा गर्ने ती सचिवको सुनवाइ भएन, उल्टो विषय नमिल्ने मन्त्रालयमा सरूवा गरी मानमर्दन गरियो । योग्यता प्रणालीको दुहाइ दिने आफ्नै अग्रज। सहकर्मीको सत्ता आरोहणको रापले पिल्सिन पर्‍यो । यस घटनाबाट के प्रस्ट हुन्छ भने त्यस्तो योग्यताको सगरमाथाले शासन गरेको समयमा त कतिपय योग्यता र पद्धतिमुखी सोचले हारेर निहुरिनुपरेको थियो ।

संघीयतामा सूचना व्यवस्थापन र समन्वय महत्त्वपूर्ण हुने हुनाले निर्णय प्रक्रिया पारदर्शी हुन आवश्यक छ। निर्णयका आधार प्रस्ट हुन जरूरी हुन्छ। अघिल्लो महिना प्रदेश ७ मा स्थानीय तहमा सूचनाको पहुँच आमसञ्चार र पत्रकारको भूमिका विषयमा छलफल गर्ने मौका मिलेको थियो । त्यस अवसरमा सूचनामा सहज पहुँच, आधिकारिकता, गुणस्तर र एकरूपताका विषयमा प्रश्न उठेका थिए भने पत्रकारको ज्ञान, व्यावसायिकता र विज्ञतामा पनि मन्थन भएको थियो । अधिकांश पत्रकार सूचना प्राप्तिमा विभेद रहेको, व्यक्तिगत पहुँचमा लिनुपर्ने अद्यावधिक नहुने र विकास निर्माणको स्थलगत तथ्यांकजस्ता समस्यामा केन्द्रित थिए ।

छलफलका क्रममा खुला स्थानीय सरकार हुनुपर्ने सुझाव दिइएको थियो । नागरिक, सेवाग्राही र सरोकारवालालाई सूचना मागेको बखत मात्र दिनुभन्दा सूचना प्रविधि प्रयोग गरी सहज पहुँचको व्यवस्था गरेमा स्थानीय सुशासन मजबुत हुनेछ । स्थानीय लोकतन्त्र सबल, सक्षम, प्रभावकारी र जवाफदेही हुने भएकाले संघीयताको आधारलाई जरैदेखि बलियो बनाउन खुला स्थानीय सरकारको अवधारणालाई कार्यान्वयनमा ल्याउनु आजको आवश्यकता हो । अन्यथा जतिसुकै सक्षम र प्रतिबद्ध पदाधिकारीले सूचना खुला गर्न खोजे पनि निरन्तरता पाउन कठिन हुन्छ । व्यक्तिलाई होइन प्रणालीलाई सक्षम बनाउनु सबैको साझा दायित्व हो । *अन्नपुर्ण पोस्टबाट*

भौतिक दुरी कायम गरी कोरोना भाइरसको संक्रमणबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं ।

-: जनहितका लागि :-

हरेक खबर, विशेष खबर
जि.प्र.का.सि.द.नं. ११७/०७६/०७७
राष्ट्रिय दैनिक
लहानपोस्ट्
LAHANPOST DAILY

**कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना**

**कोरोना भाइरसबाट बच्ने उपायहरु :**

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाइरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

**भगवानपुर गाउँपालिका कार्यालय, सिरहा**

**कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना**

**कोरोना भाइरसबाट बच्ने उपायहरु :**

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाइरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

**बरियारपट्टी गाउँपालिका कार्यालय, सिरहा**

**कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना**

**कोरोना भाइरसबाट बच्ने उपायहरु :**

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाइरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

**औरही गाउँपालिका कार्यालय, सिरहा**

**कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना**

**कोरोना भाइरसबाट बच्ने उपायहरु :**

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाइरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

**धनगढीमाई नगरपालिका कार्यालय, सिरहा**

**कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना**

**कोरोना भाइरसबाट बच्ने उपायहरु :**

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाइरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

**सखुवानन्कारकट्टी गाउँपालिका कार्यालय, सिरहा**

**कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना**

**कोरोना भाइरसबाट बच्ने उपायहरु :**

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाइरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

**लक्ष्मीपुर पतारी गाउँपालिका कार्यालय, सिरहा**

लहानपोस्ट् दैनिकका लागि प्रकाशक : भरत जर्घामगर, सम्पादक : शम्भु कुमार यादव, कानुनी सल्लाहकार : सन्तोष सुवेदी कम्प्यूटर ले-आउट : महेन्द्र प्रसाद चौधरी
कार्यालय :लहान नगरपालिका-१०, सिरहा फोन नं. ०३३५६१९६७, ९८५२८२४९६७, ९८५२८३९३१५ website : www.lahanpost.com , e-mail : lahanpost@gmail.com मुद्रक : न्यू यदुवंशी अफसेट प्रेस, लहान,(सिरहा)